स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




घोषणाको बेलादेखि नै नामका कारण चर्चामा रहेको फिल्म हो, 'जनै हराएको मान्छे'। पहिला फिल्मको नाममा 'बाहुन' शब्द थियो। छायांकन सकिएपछि त्यो शब्द हटाएर 'मान्छे' राखियो। हिन्दु धर्मसँग सम्बन्धित केही संस्थाले अनावश्यक दबाब दिन थालेपछि निर्माण पक्ष नाम परिवर्तन बाध्य भएको थियो। तर, नाममा 'जनै' शब्द रहेकाले यो धार्मिक फिल्म हुनसक्ने धेरैको अनुमान छ।

**आजको विचार...**



युवालाई...
*(दुई पेजमा)*

सुनिल परियार

कलाकार केदार घिमिरे (माग्ने बुढा)ले पहिलो पटक मुख्य भूमिकामा अभिनय गरेको फिल्म 'माग्ने राजा' यही भदौ ६ गतेबाट नेपालसँगै अष्ट्रेलियामा पनि एकैपटक प्रदर्शन हुने भएको छ। अष्ट्रेलियाका २५ बढी हलमा एक सयभन्दा धेरै शोसहित फिल्मको प्रदर्शन तय भएको वितरक कम्पनी थ्रिकेजी इभेन्ट र दृश्य इन्टरटेनमेन्टले जनाएका छन्। रिलिज हुन लागेको फिल्मको अग्रिम टिकट बुकिङ पनि खुला भइसकेको थ्रिकेजीका गोविन्द भण्डारीले जानकारी दिए।




❒ वर्ष ३१ ❒ अंक ३५ ❒ २०८२ भदौ ५ गते विहीबार 21 August 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-


## संक्षिप्त समाचार

### बस दुर्घटनामा ७६को मृत्यु

(रासस/एएफपी)

**गुजारा,** भदौ ४/इरानबाट स्वदेश फर्कंदै गरेका अफगानी नागरिकहरू सवार बस र दुई अन्य सवारी साधनबीच पश्चिमी अफगानिस्तानमा भएको दुर्घटनामा ज्यान गुमाउनेको संख्या ७६ पुगेको एक प्रान्तीय अधिकारीले बुधबार जानकारी दिएका छन् । हेरात प्रान्तीय सरकारका प्रवक्ता मोहम्मद युसुफ सईदीले एक वक्तव्यमा भने,"यो दुखद घटनामा ७६ जना नागरिकहरूले ज्यान गुमाएका छन्, साथै तीन जना गम्भीर घाइते हुनु भएको छ ।" सेनाको विज्ञप्तिअनुसार, मृतकहरूलाई सैन्य अस्पतालमा सारिएको छ, जसमा एक दर्जनभन्दा बढी बालबालिका समेत रहेका छन् । अल-फारुक सेनाको अस्पतालका प्रमुख चिकित्सक मोहम्मद जानान मुकद्दसका अनुसार, धेरै शवहरू यति धेरै जलेका थिए कि पहिचान गर्न गाह्रो भएको थियो । मंगलबार राति हेरात शहर नजिकको गुजारा जिल्लामा दुर्घटना भएको हो । प्रहरीका अनुसार, बस इन्धन बोकेको ट्रकसँग ठोक्किँदा आगलागी भएको थियो । दुर्घटनापछि केही घण्टासम्म सडकमा बसको जलिसकेको ढाँचा देखिएको समाचार संस्था एएफपीका एक पत्रकारले बताए । बसमा सवार यात्रुहरू हालै इरानबाट राजधानी काबुल फर्किंदै गरेका अफगानी नागरिक रहेका प्रवक्ता सईदीले मंगलबार बताए ।

# सिद्धबाबा सुरुङमार्ग निर्माणको गति बढ्यो

## भौतिक प्रगति करिब ६० प्रतिशत

**रामचन्द्र रायमाझी/रासस**

**तानसेन (पाल्पा),** भदौ ४/राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको निर्माणधिन सिद्धबाबा सुरुङमार्गको काम धमाधम भइरहेको छ । सुरुङमार्ग आयोजनाका अनुसार अहिले सुरुङमार्गमा टनेल लाइनिङ (भुइँ र भित्ता ढलान) को काम धमाधम भइरहेको हो । यसबाहेक स्लोप प्रोटेक्सनमा समेत काम जारी छ ।

सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका-३ दोभान सिद्धबाबा क्षेत्रमा निर्माणाधीन सुरुङमार्गको 'ब्रेक थ्रु' भएपछि कामले गति लिएको हो । हालसम्म सुरुङमार्गको भौतिक प्रगति ५९ दशमलव ७३ प्रतिशत सकिएको छ भने वित्तीय प्रगति ५१ दशमलव एक प्रतिशत रहेको सिद्धबाबा सुरुङमार्ग आयोजना कार्यालयका आयोजना प्रमुख कृष्णराज अधिकारीले बताए । उनका अनुसार अहिले मुख्य टनेल भुइँ भागको एक हजार ८९ मिटर ढलान (इन्भर्ट) निर्माण सकिएको छ । दायाँबायाँ लेपन (लाइनिङ)को ९ सय ९४ मिटर काम सकिएको आयोजना प्रमुख अधिकारीले बताए । उनका अनुसार अहिले सुरुङमार्ग भित्र



२९२ मिटरमा लाइनिङको काम भइरहेको छ । "सुरुङमार्गको तीन वटा बाइपासमध्ये पहिलो १५१ मिटर, दोस्रो १६१ मिटर र तेस्रो बाइपास १३० मिटर छ । पहिलो बाइपासमा इन्भर्टको काम १४५ मिटर र १२४ मिटर लाइनिङको काम सकिएको छ । दोस्रो बाइपासमा इन्भर्टको काम १ सय ५७ दशमलव ८ र ८ दशमलव ३ मिटर लाइनिङको काम सकिएको छ । यस्तै सुरुङमार्गको तेस्रो बाइपासमा इन्भर्टको काम १२५ मिटर र लाइनिङको काम एक सय ४ दशमलव २ मिटर भइसकेको छ", उनले भने । दुई लेनको मुख्य सुरुङमार्ग एक हजार ८९ मिटर लम्बाइको हुनेछ भने चौडाइ साढे १० मिटर र उचाइ करिब सात मिटर रहने छ । सुरुङमार्गको मुख्य टनेलमा अत्यावश्यक कामका सवारीसाधन ओहोरदोहोर गर्न मिल्ने अवस्था बनेको छ । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरबाट एक हजार १२६ मिटर सुरुङमार्ग २०७९ सालदेखि निर्माण सुरु भएको हो । यो आयोजनअन्तर्गत मुख्य सुरुङको 'ब्रेक थ्रु' भइसकेको छ । सुरूङमार्ग पाँच वर्षमा सक्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजारको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना कार्यालयले जनाएको छ ।

सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरबाट पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्रअन्तर्गत पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो ।

# छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु



**पाल्पा,** भदौ ४/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी तीन जनाको ज्यान गएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार झापा, काभ्रे र बाँकेमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

काभ्रेको पाँचखाल नगरपालिका-५ केराघारीस्थित सडकमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको ज्यान गएको छ । ना.७ ख ७२१४ नम्बरको ट्रकले बा. ९३ प ११७० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक चौरीदेउराली गाउँपालिका-८ का ३५ वर्षीय रूपेस खरेलको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको धुलिखेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै बाँकेको कोहलपुर नगरपालिका-११ धिताल पेटोल पम्पस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । भे.१२ प १४८५ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक सोही नगरपालिका-१० कालिका नगर बस्ने ५९ वर्षीय टोल प्रसाद कोईरालाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । यस्तै झापाको बुद्धशान्ति गाउँपालिका-४ बर्नेस्थित सडकमा स्कारपियो र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बीआर ५५८५०० नम्बरको स्कारपियो र प्र.१-०१-०१६ प ३६६१ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही गाउँपालिका-१ बस्ने ४६ वर्षीय ठाकुर अधिकारीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । स्कारपियो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १६ जना पक्राउ

**पाल्पा,** भदौ ४/देशका विभिन्न स्थानबाट अवैध लागूऔषधसहित १६ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, कास्की, सुनसरी, बर्दिया, झापा, बारा, मोरङ, रौतहट, चितवनबाट अवैध लागूऔषधसहित १६ जना पक्राउ परेका हुन् ।



रूपन्देहीको मायादेवी गाउँपालिका-४ मा लागूऔषधसहित एक जना पक्राउ परेका छन् । बुप्रेनोर्फिन १ सय एम्पुल, डाईजेपाम १ सय एम्पुल र प्रोमेथाजाइन १ सय एम्पुल सहित समरिमाई गाउँपालिका-३ थुमहवा बस्ने ३२ वर्षीय हरि चन्द्र तेलीलाई प्रहरीले पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय भैरहवा समेतबाट खटिएको प्रहरीले लु.५८ प २२३१ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको जनाएको छ । यस्तै कास्कीपोखरा महानगरपालिका-५ जिरो किमि बस्ने सोही महानगरपालिका-१४ चाउथे घर भएका २२ वर्षीय दिपेन्द्र पुनलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ५ मिलिग्राम र डिजिटल तराजु १ थान सहित प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कास्की समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।यस्तै चितवनको भरतपुर महानगरपालिका-९ बसपार्कस्थित होटलबाट चार जनालाई लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बिहार चनपरिया घर भएका २४ वर्षीय आर्यन कुमार, पर्सा ठोरी गाउँपालिका-२ बस्ने २५ वर्षीय सुर्य लामा, २१ वर्षीय बिनायक तामाङ र चितवन कालिका नगरपालिका-१० बस्ने २१ वर्षीया शान्ती गुरूङ रहेका छन् । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयन गर

सूचनाको हकसम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरी मंगलबार देशभर १९ औँ राष्ट्रिय सूचना दिवस मनाइएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भई कार्यान्वयनमा आएको दिन भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउने गरिन्छ । नागरिकलाई प्राप्त अधिकारमध्ये सूचनाको हक सबैभन्दा महत्वपूर्ण रहेको छ । सुशासन कायम गरी मुलुकलाई समृद्धिको बाटोमा लैजान यसको भूमिका महत्वपूर्ण रहेको छ ।

सार्वजनिक चासोका सूचना र गतिविधिको विवरण नागरिकले मागेको खण्डमा तत्कालै वा नसकिने भए १५ दिनभित्र 'विनारोकतोक' प्रवाह गर्नुपर्छ भन्ने सूचनाको हकसम्बन्धी ऐनको मूल मर्म हो । यस कानुनको प्रभावकारी कार्यान्वयनले सार्वजनिक सेवाप्रवाहलाई जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउन सहयोग गर्छ, तर अझै पनि धेरै नागरिकले सहज सूचना पाउन सकेका छैनन् । यो अत्यन्त दु:खको कुरा हो । एकातिर सूचना उपलब्ध नहुनु अर्कोतिर उपलब्ध हुँदासमेत त्यसप्रतिको उदासीनताले वास्तविक सूचनाको अधिकार कुण्ठित भैरहेको प्रतित हुन्छ । यो विडम्बनाको कुरा हो । कतै गोप्य राख्नुपर्ने सूचना स्वार्थवश चुहावट गर्ने त कतै समयमै सम्प्रेषित गर्नुपर्नेमा आमनागरिकलाई अन्धकारमा राखेर झुलाइरहने प्रयाससमेत बेला–बेलामा देखिरहने परिदृश्यहरु हुन् । अझ सूचनाले भ्रमको खेती गर्दा त्यसले निम्त्याउन सक्ने विनासको समेत समयमै आकलन गर्न नसक्दा ठूलो क्षति भैरहेको हुन्छ भन्ने पक्षलाई नजरअन्दाज गर्न मिल्दैन । हरेक नागरिकहरुको चाहाना हुन्छ सही र उचित किसिमका सूचना सहज ढङ्गले सबैको पहुँचमा पुगोस्, तर त्यसो हुन सकेको छैन । सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य साकार बनाउन राज्य संवेदनशील हुनैपर्दछ । यसो भएमा नै लोकतन्त्रको सुदृढीकरण र जिम्मेवार राज्य व्यवस्थाको निर्माण हुन्छ । सूचना माग्नु र पाउनु व्यक्तिको हक हो भने सूचनाको व्यवस्थापन गर्दै सो कुराको जानकारी सर्वसाधारणमा प्रवाह गर्नु सार्वजनिक निकायको दायित्व र कर्तव्य हो । तर यहाँ सचेत नागरिकहरुले समेत सही सूचना पाउन सकेका छैनन् । आखिर किन यस्तो भइरहेको छ ? खोजी गरेर आम सर्वसाधारणलाई जानकारी आवश्यक छ । तसर्थ सूचनाको हकसम्बन्धी व्यवस्थालाई पूर्णरूपमा कार्यान्वयन गर्नु अहिलेको आवश्यकता हो ।

### Opinion @ Social Network

चुडिएको चप्पलमा बारम्बार अल्झिनु भन्दा त
खाली खुट्टाले नै गन्तव्य तय गर्न ठिक छ ।
(सुन्दर सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Sundar.Sunar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवालाई विदेश पलायन हुनबाट रोकौं



## सुनिल परियार

*अध्ययनका लागि विकसित मुलुकमा गएका युवाबाट मुलुकले हालसम्म उल्लेख्य रूपमा उनीहरूको आम्दानीबाट लाभ प्राप्त गर्न सकेको छैन । अध्ययनका लागि बिदेसिएका युवा जनशक्ति उनीहरूले भनेको उच्च अध्ययन पूरा गरेपछि नेपाल फर्किएका घटना पनि विरलै हुने गर्दछन् । मुलुक बनाउने जनशक्ति नै उच्च शिक्षाका नाममा पलायन हुन थालेपछि यसले नेपालको हरेक क्षेत्रमा गम्भीर क्षति पुऱ्याउने निश्चित हुँदा समेत सरकार मौन बस्नु विडम्वनाको कुरा हो । यही युवा जनशक्ति विदेश पलायन र यसले निम्ताएको अवस्थाका बारेमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ । युवा जनशक्ति कुनै पनि राष्ट्रको विकासको आधार हो । युवा राष्ट्रको एउटा मेरुदण्ड पनि हो । उनीहरूलाई कसरी उपयोग गर्ने भन्ने कुरामा निर्भर हुन्छ देशको भविष्य । नेपाल ति मुलुकहरुको अग्रपक्तिमा पर्दछ जहाँबाट हजारौ युवाहरु वर्षेनी आफ्नो बाबा आमाको काख र समाज, साथी भाई, घर परिवार, आफु जन्मेको माटो र जन्मेको देशलाई त्यागेर मन भरी पिडा बोकेर र देशको मायाँ र आमाको माया लाई मुटुमा राखेर आफ्नो सपना पुरा गर्नको लागि विदेशीने गर्दछन् । अहिले पछिल्लो समयमा पनि दैनिक १५०० युवाहरु विदेशीने गर्दछन् । ती मध्ये सबैभन्दा बढी नेपाली युवा जनशक्ति जाने भनेको खाडी मुलुकको साउदी, मलेसिया, कतार दुबै यी देशहरुमा रहेका छन् ।*

देश विकास गर्ने जनशक्ति भनेको जोश, जाँगर र नयाँ सोच बोकेका युवा नै हुन् । तर यही वर्ग अहिले देशमा अकल्पनीयरूपले घट्दै गएको छ । देशमा पर्याप्त रोजगारीका अवसरहरु नहुँदा ठूलो संख्यामा युवाशक्ति विदेश पलायन हुने गरेको पाइन्छ । देशमा राजनीतिक स्थिरता कायम भई उद्योगधन्दा सञ्चालनमा आई आर्थिक विकासले गति लिन सकेको खण्डमा युवाहरु विदेश पलायन हुने थिएनन् तर त्यो हुन सकेको छैन । अहिलेको अवस्थामा युवा पलायन देशकै जटिल एवं पेचिलो समस्या बन्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । देशमा गुणस्तरीय उच्च शिक्षा र त्यसपछिको रोजगारीको सुनिश्चितता हुन नसक्दा बर्सेनि हजारौँ मेधावी प्रतिभा अध्ययन तथा जागिरका अवसर खोज्दै पश्चिमा मुलुकमा छिरिरहेका छन् । श्रमका लागि खाडी पस्ने युवाबाट मुलुकले रेमिट्यान्सका रूपमा आर्थिक लाभ लिइरहेको भए पनि अध्ययनका लागि विकसित मुलुकमा छिर्ने युवाबाट भने दोहोरो मार बेहोरिरहेको छ । एकातर्फ मुलुकको भविष्यका बौद्धिक जनशक्ति देशले गुमाइरहेको छ भने अर्कोतर्फ उनीहरूको शुल्क तथा खर्चका लागि वार्षिक रूपमा अर्बौं रुपियाँ विदेश पठाउनु परिरहेको छ । अध्ययनका लागि विकसित मुलुकमा गएका युवाबाट मुलुकले हालसम्म उल्लेख्य रूपमा उनीहरूको आम्दानीबाट लाभ प्राप्त गर्न सकेको छैन । अध्ययनका लागि बिदेसिएका युवा जनशक्ति उनीहरूले भनेको उच्च अध्ययन पूरा गरेपछि नेपाल फर्किएका घटना पनि विरलै हुने गर्दछन् । मुलुक बनाउने जनशक्ति नै उच्च शिक्षाका नाममा पलायन हुन थालेपछि यसले नेपालको हरेक क्षेत्रमा गम्भीर क्षति पुऱ्याउने निश्चित हुँदा समेत सरकार मौन बस्नु विडम्वनाको कुरा हो । यही युवा जनशक्ति विदेश पलायन र यसले निम्ताएको अवस्थाका बारेमा यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

युवा जनशक्ति कुनै पनि राष्ट्रको विकासको आधार हो । युवा राष्ट्रको एउटा मेरुदण्ड पनि हो । उनीहरूलाई कसरी उपयोग गर्ने भन्ने कुरामा निर्भर हुन्छ देशको भविष्य । नेपाल ति मुलुकहरुको अग्रपंक्तिमा पर्दछ जहाँबाट हजारौ युवाहरु वर्षेनी आफ्नो बाबा आमाको काख र समाज, साथी भाई, घर परिवार, आफु जन्मेको माटो र जन्मेको देशलाई त्यागेर मन भरी पिडा बोकेर र देशको मायाँ र आमाको माया लाई मुटुमा राखेर आृनो सपना पुरा गर्नको लागि विदेशीने गर्दछन् । अहिले पछिल्लो समयमा पनि दैनिक १५०० युवाहरु विदेशीने गर्दछन् । ती मध्ये सबैभन्दा बढी नेपाली युवा जनशक्ति जाने भनेको खाडी मुलुकको साउदी, मलेसिया, कतार दुबै यी देशहरुमा रहेका छन् । केहि मात्रामा युवाहरु युरोपियन देशहरुमा गएको पनि हामीले देख्न सकिन्छ र अहिले पछिल्लो समयमा जापान कोरिया र अष्ट्रेलिया जस्ता देशहरूमा पनि नेपाली युवाहरु बढी आकर्षित भएर गएको हामीले देख्न सकिन्छ । युवा जनशक्ति विदेश पलायन नेपालको लागि गम्भीर चुनौतीको रुपमा हामीले लिन सकिन्छ । किनकी युवाहरुले नै देशलाई बनाउन सक्ने भएकाले युवाहरु नै विदेश पलायन भए पछि अब यो देश कता तिर जाला भनेर हामीले सोच्ने बेला आएको छ । हाम्रो देशमा निरन्तर चलि राख्ने राजनीति अस्थिरता देशमा बेरोजगारी औद्योगिक सिमितका कारण नेपाली युवा जनशक्तिहरु विदेशीन बाध्य भएका छन । हाम्रो देशमा गणतन्त्र स्थापना भएता पनि अझै पनि युवा जनशक्तिहरु ले देशमा रोजगारी पाउन सकेका छैनन र देशमा युवाहरुको लागि आर्थिक समृद्धिको मार्ग प्रसस्त हुन सकेको छैन । देशमा रोजगारीको अभावका कारण आज पनि नेपाली युवाहरुले वैदेशीक रोजगारीलाई सहजताको रुपमा लिनु परेको छ । युवाहरुको निरन्तर विदेश पलायनले यो देशको दिर्घकालिन आर्थिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव परेको देख्न सकिने निश्चित रहेको छ । यदि युवाहरुले यही देशमा बसेर सहज लगानी गर्न पाएको भए देशको आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान हुने थियो । उनीहरुको सिर्जनात्मकता सिप र जोशले स्वदेश मै उद्यमशीलता र औद्योगिकरणलाई गति दिन सक्थे । तर गुणात्मक रोजगारीको अभावले गर्दा श्रम शक्ति बाहिरीन बाध्य रहेको छ । जसले दिर्घकालिन रुपमा यो देशलाई कमजोर बनाइरहेको छ । सरकारले युवा जनशक्तिहरु लाई यहिँ देशमा रोक्ने प्रभावकारी योजना अझै पनि ल्याउन सकेको छैन । तर राज्य भने युवाहरूले पठाएको रेमिट्यान्समा रमाइ रहेको छ । सकारात्मक पक्षबाट हेर्ने हो भने कुल राष्ट्रिय आयको ठुलो हिस्सा ओगटेको रेमिट्यान्सले गरिबी न्युनिकरणमा उल्लेखीय भुमिका खेलेको छ । साथै युवाहरुले विदेशमा आधुनिक सिप तथा प्रविधिहरु सिक्न पाएको छैनन । जसले दिर्घकालिन रुपमा यो देशलाई सहयोग पुग्न सक्छ । तर यसको अर्को पक्षले सामाजिक मुल्य मान्यता, संस्कार र पारिवारिक सम्बन्धहरुमा पनि प्रभाव पारिरहेको छ । विदेशीने परम्पराले सम्बन्ध विछेद जस्ता घटनाहरु घटाउने परिवारमा विखण्डन ल्याउने र सामाजिक संरचनालाई कमजोर बनाउने प्रवृत्ति बढाएको छ । समग्रमा युवा जनशक्तिको विदेश पलायनका नकारात्मक प्रभाव दिर्घकालिन रुपमा गम्भिर देखिन्छ । देशको आर्थिक समृद्धि र विकासको लागि युवाहरु स्वदेश मै संलग्न हुनु आवश्यक देखिन्छ । त्यसैले राज्यले प्रभावकारी निति निर्माण गरी युवाहरुलाई स्वदेशमा नै रोजगारीको व्यवस्था मिलाएर युवा जनशक्ति हरुलाइ रोक्न आवश्यक देखिन्छ ।

नेपाली युवाहरु कामको खोजीमा विदेश धाइरहँदा नेपालले पुँजी, मस्तिष्क र युवाशक्ति गुमाइरहेको छ । युवाले शिक्षा, स्वास्थ्य र रोजगार चाहेका हुन् । त्यो नभएपछि उनीहरु अहिले भौँतारिएको अवस्थामा छन् । नेपाली समाजमा बढ्दै गएको परनिर्भरतालाई पर सारेर आत्मनिर्भर कसरी हुन सकिन्छ, अहिले सोच्ने बेला आएको छ । देशमा भएका उद्योग, कलकारखानाहरु बन्द गर्नु राम्रो होइन । थप उद्योग, कलाकारखानाहरु सञ्चालन गरेर स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गर्नु पर्नेमा उल्टै बन्द गराउनु गलत हो । साँच्चिकै मुलुक बनाउने हो भने उर्जावान युवाहरुलाई स्वदेशै राख्न सक्नुपर्छ तर राजनीतिक दल र सरकारमा अझै पनि आर्थिक, शैक्षिक, औद्योगिक चेतनाको विकास हुन सकेको छैन । जसका कारण युवालाई देशमै रोक्न सकिएको छैन । स्वदेशमै उद्योगधन्दा कलकारखाना सञ्चालन गरी युवाशक्तिलाई यही राखेर काम लगाउन सकेमा आफ्नै ठाउँमा रोजगारीका अवसर सिर्जना हुनुको साथै युवाहरुलाई विदेश पलायनबाट रोक्न सकिन्छ । यसर्थ यसतर्फ सरकार र राजनीतिक दलहरुले ध्यान दिन जरुरी छ । ***(लेखक पाल्पाको युनिक एफएमको प्राविधिक कक्षमा कार्यरत छन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : चिताएका कार्य समयमा सम्पादन गर्न सकिनेछ। शत्रुहरू परास्त हुनेछन्। | **तुला** : कार्यक्षेत्रमा नयाँ जिम्मेबारी थपिनेछ। शिक्षाको क्षेत्रमा सहयोग मिल्नेछ। |
| **वृष** : पेशामा पदोन्नतिमा सहायक हुनेछन्। समाजमा नयाँ जिम्मेवारी मिल्ला। | **वृश्चिक** : गोप्य योजनाहरू अगाडी बढाउनमा सफलत मिल्नेछ। |
| **मिथुन** : समयमा कार्य सम्पादन हुनेछन्। संचित धनमा वृद्धि हुनेछ। | **धनु** : परिवारमा मेलमिलापको वातावरण बन्नेछ। व्यापारमा लाभ रहनेछ। |
| **कर्कट** : अनावश्यक शंका हितकारी नहोला। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। | **मकर** : कार्य सम्पादन गर्न सकिनेछ। बोलिको माध्यमले कार्य सिद्ध हुनेछन्। |
| **सिंह** : सहयोगले मन प्रफुल्लित रहनेछ। आफ्नो प्रतिभा देखाउने अवसर मिल्नेछ। | **कुम्भ** : नयाँ अवसरको पूर्ण लाभ लिन सक्नुहुनेछ।समस्याहरू सुल्झिनेछन्। |
| **कन्या** : कार्य सम्पादन गर्नमा सफल भइनेछ। सहयोगले रोकिएका कार्य प्रारम्भ हुनेछन्। | **मीन** : नबुझेको कुरामा छिट्टै प्रक्रिया नदिनुहोस्। स्वादिष्ट भोजन को आनन्द मिल्ला। |




बालनिबन्ध ● कमल रिजाल

# समन्वयवादको सिद्धान्त



प्रकृति जीवन हो, जगत् हो अनि जीवन र जगत्को आधार हो । संसार बनाउने, चलाउने, खेलाउने सबै यसैले हो । ऊ एकैसाथ एकबाट अनेक हुन पनि सक्छ अनेकबाट एक हुन पनि सक्छ । संसारमा ऊभन्दा शक्तिशाली कोही छैन । हामीले जसलाई भगवान् भनेर शक्तिशाली पात्रको कल्पना गरेका छौँ वा हुन्छौँ त्यो पनि आफैँमा प्रकृति नै हो । ऋषि मुनिहरूले सजिलोसँग बुझाउनका लागि उसका स्वरूप चित्रण गरेका हुन् । साङ्ख्य दर्शनले प्रकृतिमा तीन वटा सत्यलाई स्वीकारेको छ । अथवा यसलाई यसरी पनि भनौँ उसको तीन वटा स्वरूपलाई मानेको छ । यिनमा पहिलो प्रकृति आफैँ पर्छ । दोस्रोमा विकृति र तेस्रोमा न प्रकृति न विकृति पर्छ ।

यीमध्ये प्रकृति भनेको हरेक क्षण भिन्न रूपमा प्रकट हुने वा हुन सक्ने शक्ति हो । त्यस्तै विकृति भनेको प्रकृतिमा विकार आउँदा वा विकार उत्पन्न हुँदा प्रकट हुने वस्तु, चीज वा नतिजा हो । मानिलिनुस् दूध प्रकृति हो भने दही उसको विकृति हो । त्यस्तै दही प्रकृति हो भने घ्यु उसको विकृति हो । एउटै चीज वा अवस्था कहिले प्रकृति बन्छ कहिले विकृति बन्न पुग्छ । प्रकृति चल्दा वा चलाउँदा जुन स्वरूप खडा हुन्छ त्यही नै विकृति हो । यसैले संसार चलाएको छ, बोलाएको छ, बढाएको छ । यसलाई तपाईँ कार्य र कारणको खेल भन्न पनि सक्नुहुन्छ । कारणबाट कार्य बन्छ । पुन: त्यही कार्य नै अर्को कार्यको कारण बन्न पुगिरहेको हुन्छ । संसारका यावत गतिविधि यसैको निरन्तरता हो । यसैको शृङ्खलामा जोडिएको हुन्छ । न प्रकृति न विकृति भनेको पुरुष हो । साङ्ख्य दर्शनले यसैलाई पुरुषको संज्ञा दिएको छ, जसलाई तपाईँ ईश्वरको संज्ञा दिन पनि सक्नुहुन्छ, मानिसको संज्ञा दिन पनि सक्नुहुन्छ । प्रकृति नर्तकी हो, नाच्ने कला उसैसँग छ । यसमा कसैको वैशाखी चाहिन्न । न गुरुकै आवश्यकता रहन्छ तर पुरुषको सान्निध्य भने खोजेको हुन्छ । जबतक पुरुषको सामीप्य भेट्टाउन्न तबतक प्रकृति निष्क्रिय अवस्थामा रहन्छ । केही हराए जस्तो, कसैको पर्खाइमा बसे जस्तो, मुख अँध्यारो, व्यवहार अँध्यारो तर जब पुरुषको सामीप्य पाउँछ वा भेट्टाउँछ तब रमाएर यति बढी फुरफुर पर्छ कि आफैँ सक्रिय भई नृत्य सुरु गर्छ । प्रकृतिको धर्म विकृति हो, यसमा खेल्ने छुट उसैले पाउनुपर्छ, उसैलाई दिनुपर्छ । पुरुष अर्थात् मानिसको धर्म न प्रकृति न विकृति हो । यसको धर्म आफैँले निर्वाह गर्नुपर्छ तर व्यवहार हेर्नुभयो भने ठिक विपरीत देख्नुहुन्छ । उसले प्रकृतिको धर्ममाथि हस्तक्षेपको औजार चलाउने मात्र गरेको छैन वा हुँदैन न प्रकृति न विकृतिको अवस्थामा रहनुपर्ने आफ्नो धर्मप्रति विमुख हुनेसमेत गरेको छ । कसैले पनि प्रकृतिको गुण चलाउनु पनि हुँदैन र आफ्नो धर्मबाट विमुख हुने धृष्टता गर्नु पनि गर्नुहुँदैन तब मात्र संसार सुखद हुन्छ । जब मानिस प्रकृतिको धर्ममाथि हस्तक्षेप गर्न पनि पुगेको छ र आफ्नो धर्मबाट विमुख भएको पनि छ भने कसरी हुन्छ संसार सुखमय ? हामी प्रकृतिको भएनौँ, प्रकृतिमा पनि रहेनौँ, प्रकृतिको पनि हुन सकेनौँ र विकृतिलाई पनि छाडेनौँ यही हो हाम्रो दु:ख, यही हो दु:खको कारण । कारण दु:खद भएपछि कार्य दु:खद हुने नै भए । पुन: त्यही कार्य नै अर्को कार्यको कारण हुने भएकाले हाम्रा दु:ख अभाव र अशान्ति अन्त्यहीन शृङ्खला बन्न पुगेको छ । यसबाट के प्रस्ट हुन्छ भने दु:खको कारण संसार होइन हामी नै हौँ र दु:ख संसारमा छैन हामीभित्रै छ । भनाइको अर्थ हो द्वन्द्व तपाईँभित्रै छ । तपाईँलाई पनि द्वन्द्व आवश्यक छ । तपाईँको रोग, भोक, शोक निवारण गर्ने अचुक अस्त्र भनेकै यही हो । तपाईँका हरेक क्रियाकलापमा द्वन्द्व छ, द्वन्द्व हुन्छ । समाजमा द्वन्द्व छ, रगतका तोपातोपमा द्वन्द्व छ, प्राणको प्रत्येक स्पन्दनमा द्वन्द्व हुन्छ । द्वन्द्वले नै उसलाई उठाएको छ, चलाएको छ, बढाएको छ तर सङ्गति भने मिलाउनुपर्छ, मिल्नुपर्छ, मिलेको हुनुपर्छ । तपाईँ यसलाई द्वन्द्ववाद भन्न पनि सक्नुहुन्छ, द्वन्द्वात्मक समन्वयवाद भन्न पनि सक्नुहुन्छ । अहिलेसम्म द्वन्द्वलाई मात्र हेरियो, द्वन्द्ववादको मात्र कुरा गरियो तर सङ्गति मिल्नुपर्छ भन्नेतिर हेरिएन, हेर्ने कुरै गरिएन । त्यसैको प्रतिफल हामी आफैँ भोगिरहेका छौँ । हाम्रा रोग, भोक, शोकका मूल कारण भनेकै यही हो । प्रश्न उठ्न सक्छ सङ्गति मिलाउने भनेको के हो ? कसरी मिलाउने हो ? उत्तर सहज छ । केही पनि नगर्ने, हरेक काम होसमा गर्ने, होसपूर्वक गर्ने, सके आफूमा अरूलाई देख्ने नसके अरूभित्र आफूलाई खोज्ने, सकेसम्म केही पनि होइन, छैन भन्दै जाने, जसलाई वेदले नेतिनेति भनेको छ । नसके तिनैलाई जीवनको मूल आधार ठानी जतन गर्ने, सदुपयोग गर्ने, आदर गर्ने । यही नै द्वन्द्वात्मक समन्वयवाद वाद हो, द्वन्द्वात्मक समन्वयवादको सिद्धान्त हो । द्वन्द्व नैसर्गिक गुण भएकाले छाड्न त सकिन्न तर समन्वय गर्न भने सकिन्छ । त्यसैले अबको यात्रा त्यतैतिरको हुनुपर्छ । अन्यथा हामीले चाहेको सुख, शान्ति र आनन्द केवल चाहनामै सीमित हुनेछ ।

*-रातोपाटी डटकम*






**नाम: प्रान्सिका भट्टराई**
**उमेर : ७ वर्षा**
**कक्षा : २**
**स्कुल : सेन्ट कपितानियो स्कुल**

कथा ● जानु काम्बाङ्ग लिम्बु

# डोल्माको अधुरो कथा

मन्दिरमा घण्टी बज्नासाथ म उठ्छु, किनकि त्यति बेला बिहानको चार बजिसकेको हुन्छ । घर मन्दिरको छेउमै भएकाले कहिल्यै उठ्न अलार्म सेट गर्नुपर्दैन–यही एउटा फाइदा हो । तर, काममा जान नपर्ने दिनमा त त्यो घण्टीको आवाज उल्टै हल्लाजस्तै लाग्छ । उठिसकेपछि तातो पानीको कितली अन गरेर तयार हुने मेरो दैनिकी बनेको छ । दिनभर काममा खाने खाजा र खानेकुरा लोड गरेर रोडमा निस्कँदा बल्ल साढे चार बजेको थियो । सारा प्लमस्टेड चकमन्न अँध्यारोमा डुबेको थियो । ओर्लँदै गर्दा बाटो हराएझैँ अलमलिएको चन्द्रमा पनि बादलभित्रै लुकेर बसिरहेको थियो । हिउँदको मौसममै आएकोले पनि होला, मलाई युके अत्यन्तै अनौठो लागिरहेको छ । पूजारीले मीठो स्वरमा भोजन गाएको बाटोसम्म सुनिन्थ्यो । गोराहरूको देशमा इन्डियनहरू पनि आफ्नो लाग्दो रहेछ, हिन्दू मन्दिरमा बज्ने घण्टी, त्यहाँ गाइने भजन सबै, सबै मलाई आफ्नो लाग्छ । बनक्बन रोड अलिक उकालो भएकोले जाडोमा स्याँस्याँ सास बढिरहेको थियो मेरो । अँध्यारोमा आफ्नै छायाले पनि तर्साउने बेला आफैले लगाएको स्लिपिङ ब्याग जत्रो ज्याकेट सर्याकर्याक गरेर कराउँदा अँध्यारोमा आफै तर्सिन्थें । मुखबाट धुँवा फुसफुसाउँदै हरेक दिन यसरी काममा जान्थें । मेन रोडमा निस्कँदा सधैँ झैं लालकुमारी हाई स्ट्रिट्मा मलाई पर्खिरहेकी थिइन् । "हेल्लो साथी डर लागेन एक्लै बाटोमा उभिन, ठोक्लान् है ठोक्लान् ?" रेला गर्दै मैले भनें । "आ....के को डर, डलिदैन । बरु ढालिन्छ नि अझै सम्म, एक दुई जना त, नेपालीको छोरी पो त हेहेहे...." यसो भन्दै कुरो टुङ्ग्याई उसले । त्यसपछि मैले पनि थपिनँ कुरो । हामी हिंड्दै ५३ को स्टप सम्म पुग्यौं । पोलेको आलू आगोबाट झिकेर टोक्नुअघि खरानी फुके झैं चिसोले ठिहिर्याएको हात फुक्दै सारदा पनि आइपुगिन् । "आ....बेकारमा ओभर टाइम गर्छु भनेछु कस्तो अल्छी लाग्यो बाई !" बेन्चमा बिस्तारै चिसो टिस्युले पुछेर बस्दै लाल कुमारीले भनिन् । "लौ न ! के भन्या होला त्यस्तो भर्खरै २, ४ जना ढाल्छु भन्ने मान्छेले ?" मैले हाँस्दै गिज्याएँ । मेरो कुराले एकछिन बस स्टप हाँसोमय बन्यो । केही छिनमा बस आइपुग्यो अनि चढेर उकालो कमनतिर लाग्यौं, कमन छेउको स्टपबाट डोल्मा पनि चढिन् । "धन्न ठीक टाइममा उठिछिन् केटी, नत्र त एक्लै हुनेथ्यौ," मैले डोल्मालाई हाँस्दै भने ! "कहाँ उठ्नु नि गाँठे, लगातार ३ पल्ट सम्म बज्ने गरी अलार्म सेट गरेथें नि सुत्नुअघि," उसले भनी । "बाफरे ....रे अल्लि ?" भनेर सारदा हाँसिन् ! "अनि के त ? म तिमीहरू जस्तो फिट कहाँ छु त ? मोटो मान्छेलाई धेर निद्रा लाग्छ भन्ने थाहा छैन ?" "ओऐ....ठिट्टी हो हल्ला नगरौं त ? एकछिन भए पनि झ्याप्पै दिनुपर्छ बसमा नत्र निद्राले बिजोक पार्छ यार ...," लाल कुमारीले भनिन् र आँखा बन्द गरिन् । हामी पनि जाडोले नून खाएको कुखुरा जस्तो झोक्रिएका थियौं बात मार्ने जोश जाँगर कसैलाई थिएन । आ- आफ्नो कानमा इयरफोन घुसाएर उड्न थाल्यौं म्युजिकको मीठो धुनमा निद्राको विमान चढी बिन्दास पाराले । विकेन्ड भएकोले बसमा त्यति मान्छे थिएनन् । सबै स्टप खाली भएकोले चढ्ने ओर्लने पनि नभएर होला हामी चाँडै पुग्यौं पेकहाम । "हाम्रो स्टप आउन लाग्यो है केटी हो ! उठौं अब," ठूलो स्वरमा एकपल्ट हल्ला ठोकें मैले । मेरो छेउमा लाल निदाइरहेकी थिइन्, अर्को सिटमा सारदा र डोल्मा थिए । सबैलाई ओर्लने आदेश दिंदै म पनि अल्छी मान्दै आङ तन्काउन थालें । सबै जत्याकजुरुक उठेर माथिल्लो तलबाट तल झर्यौं । बस रोकियो सबै ओर्लियौं । बस सेन्ट्रल लन्डनतिर लाग्यो, हामी हाम्रो कामतिर जाने सानो रोडतिर मोडियौं । "हेल्लो ! हेल्लो गर्ल्स .......वेयर आर यू गोइङ ?" गीतमा रमाइरहेको मेरो बिन्दास कानले अँध्यारोमै यस्तो अनौठो आवाज सुनेपछि एउटा कानबाट हेडफोन झिकें । म बसबाट ओर्लेर पनि गीत सुन्दै हिँड्ने बानी भएकोले दुवै कानमा हेडफोन थियो । त्यो अनौठो आवाज हाम्रो नजिक, नजिक आइरहेको थियो । हामी सबै डरले भाग्न थाल्यौं । भाग्दा-भाग्दै एउटा कार हाम्रो छेउमा आएर रोकियो । मैले कानमा भएको हेडफोन र मोबाइल थुतेर बाटो पारिको झाडीमा फालेर तुफान दौडिएँ । हामी दौडेको देखेर ती कारबाट ओर्लेका केटाहरू झन् लखेट्न थाले । बिहानको ५:३० बजेको मात्र थियो । जनवरी १ तारिख आइतबार भएकोले सबै छुट्टीमा थिए । ओभरटाइम गर्न इच्छुक हुने र हामी केही नेपालीलाई मात्र ओभरटाइम गर्न बोलाइएको थियो । हामी पनि बैंक होलिडेमा पैसा डबल हुने लोभले एक्लै अँध्यारोमा आउन तम्सिएका थियौं । हामीलाई थाहा थियो लन्डनमा धेरै यस्ता घटनाहरू घट्छन् भन्ने, तर आफैले नभोगेसम्म महसूस गरिँदैनजस्तो बिना डर-त्रास हामी काममा जाँदै थियौं । हामी दौडिरहेका थियौं, ती केटाहरू हाम्रो पछि थिए भने एक जनाले कार ड्राइभ गरिरहेको थियो । म छक्क परें–जनवरी १ तारिख यस्तो जाडोमा पनि ती केटाहरू अर्धनग्न थिए । अचानक मेरो छेउमै हिँडिरहेकी साथी सारदा गुरुङ चिच्याइन्– "आइया ओए ! यिनीहरू त चोर पो रहेछन्, मेरो फोन खोस्यो बै !" सारदाको फोन एउटाले खोस्यो, अर्कोले डोल्माको झोला तान्न थाल्यो । बाटोमा पूरै खैलाबैला मच्चियो । हामी "हेल्प...प्लिज...हेल्प" भन्दै चिच्याइरहेका थियौं । यतिकैमा वरिपरिको घरहरूबाट कसैले पुलिस बोलाइदिएछ । साइरन बजाउँदै पुलिसको भ्यान आइपुग्यो । पुलिसको साइरन सुने शायद । ती २ केटाहरू कारमा चढेर भागे । बाटोमा हल्का उज्यालो खस्न थालेकोले हामीले एकअर्कालाई देख्न सक्ने भएका थियौं । म अलि छिट्टै दौडिने भएकाले होला, मलाई ती चोरहरूले भेटेनन् । डोल्मा पनि बलिया भएकीले झोला छाडिनन् । लालकुमारी पनि मसँगै दौडेर टाढै पुगिन् तर दौडिँदा उनको फोन झरेर फुट्यो । हामी चार जनामध्ये घाटा सारदालाई भयो, उसले केही महिना अघि मात्र नयाँ लेटेस्ट फोन बजारमा आएको बित्तिकै किनेकी थिइन् । पुलिसहरू आएपछि निडर भएर सबै कुरा बताउँदै झाडीमा हुत्त्याएको फोन जस्ताको तस्तै टिपेर ल्याएँ । मलाई देखेर पुलिसहरू पनि हाँसे । हामी सबै डर र जाडोले काँपिरहेका थियौं । पुलिसहरूले हामी सबैको नाम टिपेर बयान लिए अनि भ्यानमा राखेर फ्याक्ट्रीको गेटसम्म पुर्याइदिए । भित्र पस्नेबित्तिकै भेटिएका सबै स्टाफ र साथीहरूलाई दिनभर हाम्रो घटना सुनाइरह्यौं । भोलिपल्ट, पर्सिपल्ट नथाकेसम्म सुनाउन छाडेनौं । केही दिनपछि आफैले पनि बिर्सँदै गयौं । हामीले करीब १ वर्षजति सँगै काम गर्यौं त्यो फ्याक्ट्रीमा । अलिअलि कमाइ पनि भयो । विशेष गरेर म र डोल्मालाई गाह्रो थियो । हामी लन्डनमा विद्यार्थी भिसामा छिरेका थियौं । लालकुमारी पुन: हङकङबाट युके आएकी थिइन् । सारदा गुरुङ भूपू गोर्खा सैनिककी श्रीमती थिइन् । पढाइ पूरा नभएसम्मै डोल्माको कलेज बन्द भयो । त्यो कलेजले स्पोन्सर गरेको सबै विद्यार्थी नेपाल फर्किए, डोल्मा पनि फर्किन् । डोल्मा फर्किएपछि नरमाइलो लाग्यो । मेरो कलेजको पनि भरोसा थिएन । मान्छेहरूले लन्डनमा कलेज व्यापारको लागि खोलेका रहेछन् भने हामी विद्यार्थी लाखौं खर्च गरेर मुर्गा बनिरहेका थियौं । मेरो पनि लाखौं डुबेको थियो । पढाइभन्दा बढी डुबेको पैसा र ऋणको चिन्ताले कामतिर लागें । बिस्तारै पैसा बाक्लो, पढाइ फितलो बन्दै गयो । कमाएको पैसा अन्य देश छिर्नतिर खर्च गर्न थालें । अरू धमाधम पढाइमा लागिरहेका बेला म रातारात युरोप छिरेर बेल्जियम पुगें । बेल्जियममा दाजु भएकोले मलाई सहज पनि भयो । यसरी छुट्टिएका हामी फेरि कहिल्यै भेट भएनौं । म युरोप पुगेर बस्दाबस्दै त्यहाँको कार्ड पाउन झन्डै १० वर्ष लाग्यो । अहिले म १२ वर्षपछि नेपाल निस्किएकी छु । मैले केही प्रगति गर्न नसके पनि मेरो देश नेपालले केही कुरामा प्रगति गरेको रहेछ । डोमेस्टिक विमानस्थलमा बस्ने सिटहरू धेरै नयाँ देख्दैछु । तर, आज विमानस्थल खचाखच छ । कुर्सीहरू भएर पनि खाली छैनन् । बस्ने सिट नपाएर मान्छे अलपत्र भुइँमा बिस्कुनझैँ पोखिएका छन् । म भद्रपुर उड्ने बुद्ध एयरको पर्खाइमा छु । तराईतिर हुस्सु लागेकोले काठमाडौँको न्यानो घाम तापेर तराईको हुस्सु हट्ने समय कुरिरहेको छु । उड्ने, रद्द हुने र डिले हुने सबैको पालैपालो माइकिङ हुँदैछ । मौसमको खराबीले लुक्ला जाने फ्लाइट भर्खरै रद्द भएको छ । लुक्ला जाने एकजना बिरामी यात्रुलाई ह्वीलचेयरमा ल्याएर मेरो छेउमा राखिदियो कर्मचारीले । साथमा बक्खु लगाएकी बुढी आमा पनि आएर कुर्सीमा बसिन् । हातमा तातो चिया थियो । बिरामीको मुखमा मास्क थियो । बुढी आमाले मास्क हटाएर भनिन– "डोल्मा, लौ तातो चिया खाऊ ।" म छक्क परें, तर्सिएँ पनि । किनभने त्यो व्हीलचेयरमा बस्ने केटी अरू कोही नभएर लन्डनमा मसँगै काम गर्ने साथी डोल्मा थिइन् । मैले उनलाई १२ वर्षपछि भेटेकी थिएँ । तर अफसोस, उनी पहिलेको जस्तै डोल्मा थिइनन् । दुब्लाएर चिन्नै नसकिने, बोल्न पनि नसक्ने, हातखुट्टा नचल्ने, एकदमै कमजोर भएकी थिइन् । जता हेर्यो उतै एकोहोरिने मूर्तिजस्तै देखिन्थिन् । म डोल्माको आमालाई केही कुरा सोध्ने हिम्मत जुटाउँदै गर्दा बुद्ध एयरले भद्रपुर जाने यात्रुहरूलाई गेट नम्बर २ तिर बढ्न भन्यो । म आँखाभरि आँसु बोकेर हिँडें । बसमा चढेर प्लेन फेरि रद्द भए पनि हुन्थ्यो जस्तो लागिरह्यो । तर भएन, लाइट रद्द भएन । म डोल्माको कथा अधुरै छाडेर उनको याद बोकी माथि, माथि, धेरै माथि बादल छिचोल्दै उडें । लन्डनमा हुँदा डोल्मा भन्थिन– "मेरी आमाले धेरै दु:ख पाउनु भएको छ । बाबाको देहान्तपछि अर्को बिहे पनि गर्नु भएन । मेरो लागि सबैसँग लडेर गरिखानु भो । अब अहिले पाको उमेरमा जब मेरो आवश्यकता आमालाई छ, म भने यहाँ छु ।" म भन्थें– "किन गर्छ्यौ चिन्ता ? आमाको हातखुट्टा चल्छ, आफ्नै देशमा हुनुहुन्छ । अर्ग्यानिक खाना खाएर हामीभन्दा हट्टा-कट्टा हुनुहुन्छ ।" आफैले देखेर आएझैं गरेर उनलाई सम्झाउँथें । मेरो कुरा सुनेर आँसु छचल्किँदै मुस्कुराउँथिन् डोल्मा । आज, उही जीवनभर "म आमाको सहारा बनेर जिउँछु" भन्ने छोरी उल्टै आमाको सहारा बनेर चिया खुवाइरहेको एउटा नमीठो सत्य देखेर म उड्दै थिएँ । यो सत्य झूट भए हुन्थ्यो भन्ने सोचले मन बिथोलिरह्यो । तर, हुने कुरा त कसले टार्न सक्छ र ? फेरि एकपल्ट आमालाई भेट्न पाए म डोल्माको कथा पूरै लेख्थें । यो उनको अधुरो कथा हो .........

*-साहित्यपोस्ट डटकम*

# देशका विभिन्न स्थानबाट...

...प्रहरीले उक्त होटलको १०६ नम्बरको कोठा तलासी गर्दा ट्रामाडोल १७ हजार ४ सय ट्याब्लेट फेला पारेको हो । यस्तै सुनसरीको इनरूवा नगरपालिका-४ बसपार्कबाट अवैध लागूऔषधसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा इटहरी उपमहानगरपालिका-५ बस्ने ३२ वर्षीय बिशाल लिम्बु र ३५ वर्षीय गणेश तामाङ रहेका छन् । प्रहरीले प्रदेश १-०२-०५१ प ७७७२ नम्बरको मोटरसाइकलमा सवार उनीहरूको साथबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ १७ ग्राम ३ मिलिग्राम फेला पारेको छ । यस्तै रौतहटको गुजरा नगरपालिका-२ मोजेवान टोल बस्ने ५५ वर्षीय गोपाल बहादुर थिङलाई अवैध लागूऔषध गाँजा ३ किलो ५० ग्राम, ७८ हजार ३५ नेपाली रूपैयाँ र ६ सय १० भारतीय रूपैयाँ सहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर समेतबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त गाँजा फेला पारी पक्राउ गरेको हो । यसैगरी रौतहटकै, चन्द्रपुर नगरपालिका-२ बाट अवैध लागूऔषसहित अर्का एक जना पक्राउ परेका छन् । गाँजा २० किलोग्राम सहित सोही नगरपालिका-२ फुलबारीटोल बस्ने २२ वर्षीय सुभास पुलामीलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरीले बा.३१ प ३३१६ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त गाँजा सहित पक्राउ गरेको हो । प्रहरीले हाल फरार मोटरसाइकल चालकको खोजी गरिरहेको छ । यस्तै मोरङको विराटनगर महानगरपालिका-१५ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ९० ग्राम सहित भारत दिल्ली साउथ भद्रपुर बस्ने ४३ वर्षीय सागीरलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्रुवर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी मोरङकै रंगेली नगरपालिका-५ चाँदनी चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ११ ग्राम २ सय ७० मिलिग्राम सहित भारत विहार अररिया सिक्टी मुरारीपुर-१ घर भएका २९ वर्षीय ईम्तियाज अन्सारीलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले बिआर ३९ इ ३२९३ नम्बरको मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै बाराको फेटा गाउँपालिका-१ त्रिवेणी बस्ने ४० वर्षीया पार्वती महतोलाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १० ग्राम १ सय ६० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो । यता झापाको दमक नगरपालिका-३ बेलडाँगी बस्ने आशिष तामाङलाई अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम सहित प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बाघखोरबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो । बर्दिया, बढैयाताल गाउँपालिका-७ कण्ठपुर चेक पोस्टबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ८ सय ८० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-५ बढैया गाउँ बस्ने २१ वर्षीय भुपेन्द्र कुमार थारू र ३२ वर्षीय सन्जय दत्त चौधरी रहेका छन् । उक्त स्थानमा खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

## खेलकुद समाचार

### दक्षिण अफ्रिकाले अस्ट्रेलियालाई हरायो



**काठमाडौं,** भदौ ४/दक्षिण अफ्रिकाले तीन खेलको एकदिवसीय शृङ्खलाको पहिलो खेलमा अस्ट्रेलियालाई हराएको छ । खेलमा दक्षिण अफ्रिकाले अस्ट्रेलियालाई ९८ रनले हरायो । दक्षिण अफ्रिकाले दिएको दुई सय ९७ रनको लक्ष्य पछ्याएको अस्ट्रेलिया ४० ओभर पाँच बलमा एक सय ९८ रनमा अलआउट भयो । अस्ट्रेलियाका कप्तान मिचेल मार्शले ८८ र बेन द्वारशुइसले ३३ रन बनाए । दक्षिण अफ्रिकाका केशव महाराजले पाँच विकेट लिए । यस्तै नान्द्रे बर्गर र लुङ्गी न्गिडीले समान दुई तथा प्रेनेलन सुब्रायेनले एक विकेट लिए । त्यसअघि केर्न्समा टस हारेर ब्याटिङ गरेको दक्षिण अफ्रिकाले आठ विकेट गुमाएर एक सय ९८ रन बनायो । दक्षिण अफ्रिकाका एडेन मार्करामले ८२ रन बनाए । यस्तै कप्तान टेम्बा बाभुमाले ६५ र म्याथ्यू ब्रेट्जके ५७ रन बनाए । अस्ट्रेलियाले ट्राभिस हेडले चार, बेन द्वारशुस दुई र एडम जाम्पाले एक विकेट लिए । एकदिवसीय शृङ्खलाअन्तर्गत दोश्रो खेल शुक्रवार हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

### भदौमा पनि घटाए बैंकहरुले ब्याजदर




**पाल्पा,** भदौ ४/भदौ महिनाका लागि पनि वाणिज्य बैंकहरूले ब्याजदर घटाएका छन् । २० वटा वाणिज्य बैंकले सार्वजनिक गरेको ब्याजदर सूचीअनुसार औसतमा साउनको तुलनामा भदौमा ब्याजदर घटाएका हुन् । साउनको तुलनामा भदौमा वाणिज्य बैंकहरूको व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम औसत ब्याजदर ०.११ प्रतिशत विन्दुले घटेको छ ।

साउनमा व्यक्तिगत मुद्दति निक्षेपमा अधिकतम औषत ५.६० प्रतिशत बिन्दुका दरले ब्याज दिइरहेका बैंकहरूले भदौमा अधिकतम औषत ५.५७ प्रतिशत बिन्दुका दरले ब्याज दिने भएका छन् । यसैगरी साउन महिनामा संस्थागत मुद्दति निक्षेपमा ४.११ प्रतिशत बिन्दुले ब्याज दिएका बैंकहरूको अधिकतम औषत ब्याजदर भदौ महिनामा ३.९६ प्रतिशत बिन्दुमा झरेको छ । बैंकहरुले दिएको जानकारीअनुसार एभरेष्ट, सानिमा, कुमारी, सिद्धार्थ, कृषि विकास, स्ट्याण्डर्ड चार्टर्ड, लक्ष्मी सनराइज र नेपाल एसबिआई बैंकले भदौका लागि व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम ब्याजदर घटाएका छन् । प्रभु बैंकको भने त्यस्तो ब्याजदर बढेको छ । साउन महिनामा व्यक्तिगत मुद्दति निक्षेपमा अधिकतम ६.२६ प्रतिशतसम्म ब्याज दिइरहेको स्ट्याण्डर्ड चार्टर्डले भदौमा अधिकतम ५.१३ प्रतिशत ब्याज दिँदैछ । प्रभु बैंकले भने यस्तो निक्षेपको अधिकतम ब्याजदर १.१ प्रतिशत बिन्दु बढाएर ५.३५ प्रतिशत पुऱ्याएको छ । व्यक्तिगत मुद्दति निक्षेपमा भदौ महिनामा एनआईसी एशिया बैंकले सबैभन्दा बढी ब्याज दिने भएको छ । यो बैंकले अधिकतममा ६.२५ प्रतिशतसम्म ब्याज दिने भएको हो ।

बैंकले साउन महिनाकै ब्याजदरलाई निरन्तरता दिएको छ । व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम ब्याजदरलाई स्थिर राख्नेमा सिटिजन्स, एनएमबी, नेपाल इन्भेस्टमेण्ट मेगा, हिमालयन, प्राइम कमर्सियल, ग्लोबल आईएमई, राष्ट्रिय वाणिज्य, नबिल, माछापुच्छ्रे र नेपाल बैंक छन् । यस्तो निक्षेपमा सबैभन्दा कम ब्याजदर लक्ष्मी सनराइज बैंकको अधिकतम ५ प्रतिशत रहेको छ । पछिल्लो समय नेपाल राष्ट्र बैंकले नै ब्याजदर घटाउन बैकहरुलाई नीतिगत रुपमै दबाब दिँदै आएको छ । वाणिज्य बैंकहरुले मात्रै नभइ विकास बैंकहरुको ब्याजदर भने स्थिर देखिन्छ । अधिकांश विकास बैंकले साउनकै व्यक्तिगत मुद्दति निक्षेपको अधिकतम ब्याजदरलाई भदौमा निरन्तरता दिएका छन् । गरिमा विकास बैंक, मुक्तिनाथ विकास बैंक, कामना सेवा विकास बैंक र महालक्ष्मी विकास बैंकले साउनकै ब्याजदरलाई भदौमा निरन्तरता दिएका छन् ।


लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
पाल्पा, तानसेन

**व्यवसायिक तथा सीपमूलक तालिम प्राप्त गर्न इच्छुकले आवेदन पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०५/०५

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमका व्यवसायिक तथा सीपमूलक तालिममा सहभागी हुन ईच्छुक व्यक्तिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल : csiopalpa@gmail.com मार्फत तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.सं. | तालिमको विवरण | तालिम अवधि | तालिम सञ्चालन हुने मिति र स्थान |
|---|---|---|---|
| १. | आरन आधुनिकरण तालिम | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| २. | साबुन र सर्फ बनाउने तालिम | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| ३. | फर्निचरमा बुट्टा बनाउने तालिम | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| ४. | बास बेतबासबाट फर्निचर लगायतका सामाग्री बनाउने तालिम | पाठ्ययोजना अनुसार | पछि तय गरिने |
| ५. | Generel Cook Training ३९० घण्टे | ३९० घण्टा | पछि तय गरिने |
| ६. | आधारभुत मन्टेश्वरी तालिम ३९० घण्टे | ३९० घण्टा | पछि तय गरिने |
| ७. | ढाका बुनाई तालिम ३९० घण्टे | ३९० घण्टा | पछि तय गरिने |
| ८. | स्तरोन्नती सम्बन्धी तालिमहरु | पाठ्ययोजना अनुसार | पछि तय गरिने |

**नोट:**
१. निवेदक १८ बर्ष पूरा भएको, लुम्बिनी प्रदेश भित्र स्थायी बसोबास भएको हुनुपर्नेछ।(पाल्पा जिल्लाका स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ।)
२. माथि उल्लेखित तालिम कार्यक्रमका लागि कम्तिमा १५ जना व्यक्तिहरुको आवेदन पेश नभएमा उक्त तालिम सञ्चालन गरिने छैन।
३. आधारभूत मन्टेश्वरी तालिम ३९० घण्टे तालिमको हकमा एस.एल.सि.वा SEE उत्तिर्ण हुनुपर्नेछ ।
४. स्तरोन्नती सम्बन्धी तालिमको लागि आफुले यसभन्दा अगाडी तालिम प्राप्त प्रमाण पत्र पेश गर्नुपर्नेछ ।(घरेलु तथा साना उद्योग कार्यालयबाट तालिम लिएका प्रशिक्षार्थीहरुलाई प्राथमिकता हुनेछ)
५. **Generel Cook Training** ३९० घण्टे, आधारभूत मन्टेश्वरी तालिम ३९० घण्टे र ढाका बुनाई तालिम ३९० घण्टे तालिमको हकमा तालिम पश्चात सीप परिक्षणमा समेत अनिवार्य सहभागी हुनुपर्नेछ ।
६. प्रारम्भिक तालिमको हकमा यस भन्दा अगाडी सोही प्रकृतिको तालिम नलिएको स्वघोषणा पेश गर्नुपर्नेछ ।
७. तालिम पश्चात लघु,घरेलु तथा साना उद्योग सञ्चालन गरि स्वरोजगार हुने स्व: घोषणा पत्र वा सिप सिकिसकेपछि कुनै उद्योग, प्रतिष्ठानमा रोजगारी गर्ने भए उक्त उद्योग/प्रतिष्ठान सँगको सम्झौता पत्र ।
८. प्रशिक्षार्थीको योग्यता,छनौट,आचारसंहिता तथा तालिम सम्बन्धी अन्य कार्यविधि लुम्बिनी प्रदेश सरकारको "व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि "बमोजिम हुनेछ ।
९. तालिम आवेदन फारम कार्यालयबाट वा कार्यालयको फेसबुक पेज **घरेलु उद्योग कार्यालय पाल्पा** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

पुनश्च कृपया : तालिम लिनका लागि मात्र तालिम लिएर सरकारी बजेट दुरुपयोग नगरिदिनुहोला ।
(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको फोन नं.०७५-५२०२३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे) को मो.नं. ९८५७०८३४३२ मा सम्पर्क गर्न सकिनेछ।)



लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
पाल्पा, तानसेन

**व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालनको लागि प्रशिक्षक सुचिकरण गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०५/०५

यस कार्यालयले चालु आ.व. २०८२/०८३ मा तपसिल बमोजिमका व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न लागिएको हुदाँ योग्यता पुगेका ईच्छुक प्रशिक्षकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा सुचिकरणको लागि कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.सं. | तालिमको विवरण | तालिम अवधि |
|---|---|---|
| १. | आरन आधुनिकरण तालिम | पाठ्यक्रम/पाठ्ययोजना अनुसार |
| २. | साबुन र सर्फ बनाउने तालिम | पाठ्यक्रम/पाठ्ययोजना अनुसार |
| ३. | फर्निचरमा बुट्टा बनाउने तालिम | पाठ्यक्रम/पाठ्ययोजना अनुसार |
| ४. | बास बेतबासबाट फर्निचर लगायतका सामाग्री बनाउने तालिम | पाठ्यक्रम/पाठ्ययोजना अनुसार |
| ५. | Generel Cook Training ३९० घण्टे | ३९० घण्टा |
| ६. | आधारभुत मन्टेश्वरी तालिम ३९० घण्टे | ३९० घण्टा |
| ७. | ढाका बुनाई तालिम ३९० घण्टे | ३९० घण्टा |
| ८. | अन्य सम्भावित स्तरोन्नती तालिमहरु-ब्युटिसियन, होजियारी, सिलाई-कटाई, मेशिनरी मर्मत आदी....... | पाठ्यक्रम/पाठ्ययोजना अनुसार |

**नोट:** उल्लेखित कार्यक्रमको सञ्चालन विधि, प्रशिक्षकको योग्यता, अनुभव सम्बन्धी कागजात र तालिम सम्बन्धि अन्य मापदण्ड "व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि "बमोजिम हुनेछ जुन मन्त्रालयको वेवसाइट www.moletm.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। (थप जानकारीको लागी घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको फोन नं.०७५-५२०२३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे)को मो.नं. ९८५७०८३४३२ मा सम्पर्क गर्न सकिनेछ ।)



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई